# वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान बुलेटिन

# सेरोफेरो

SEROPHERO

अंक २०७९।०८०।०३ २०७९ असोज


| Statement of patients flow for the month of Bhadra 2079 | |
|---|---|
| **OPD** | **No. of patients** |
| General Practice & Emergency Medicine | **3010** |
| **Special OPD** | |
| Pediatrics & Adolescent Medicine | 3282 |
| Internal Medicine | 6924 |
| Obstetrics & Gynaecology | 5962 |
| General Surgery | 5204 |
| Cardiology | 1695 |
| Gastroenterology & Hepatology | 1032 |
| Pulmonary, Critical Care & Sleep Medicine | 743 |
| Dental | 2384 |
| Dermatology & Venerology | 4271 |
| Otorhinolaryngology and Head & Neck Surgery | 3548 |
| Ophthalmology | 1423 |
| Orthopedics | 5680 |
| Psychiatry | 1776 |
| Unspecified in MIDAS | 1324 |
| | **45248** |
| **Emergency** | |
| Central | 3769 |
| Obstetrics & Gynecology | 1446 |
| Pediatrics | 1528 |
| | **6743** |
| **Grand Total: 55001** | |
| Paying (EHS) | 3173 |
| Nepal Govt. Social Insurance Scheme | 24759 |
| Other different Schemes | 27069 |
| Ward (IPD) | 4176 |
| ICU/CCU/DICU/SICU | 117 |
| NICU/PICU/MICU/Nursery | 144 |
| Dialysis | 1011 |

## प्रतिष्ठानको २९औं वार्षिकोत्सव तथा १०९औं वी.पी.जयन्ती भव्यताका साथ सम्पन्न



वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको २९औं वार्षिकोत्सव तथा १०९औं वी.पी.जयन्ती प्रतिष्ठानको उपकुलपति कार्यालयको प्राङ्गणमा भव्यताका साथ सम्पन्न भएको थियो । कार्यक्रमका प्रमुख अतिथि माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री एवं प्रतिष्ठानका सहकुलपति श्री भवानी प्रसाद खापुङ एवं प्रतिष्ठानका उपकुलपति डा.ज्ञानेन्द्र गिरीबाट प्रतिष्ठानको झण्डोत्तोलन गरी कार्यक्रमको शुभारम्भ गरिएको थियो । कार्यक्रममा उपस्थित सम्पूर्ण महानुभावहरुबाट महामानव स्व.वी.पी.कोइरालाको तस्विरमा फुल मालासहित श्रद्धा सुमन अर्पण गरिएको थियो । कार्यक्रममा छिमेकी मित्र राष्ट्र भारतबाट पाल्नुभएका २१औं वीपी कोइराला मेमोरियल ओरेसनका विद्वत वक्ता पद्मश्री प्रा.डा.दिगम्बर बेहेरा तथा विशेष अतिथिका रुपमा भारतको दिल्ली विश्वविद्यालयका प्राध्यापक डा.राजकुमारको समेत उपस्थिती रहेको थियो ।

कार्यक्रममा प्रदेश नं.१ का माननीय स्वास्थ्य मन्त्री जयराम यादवको पनि उपस्थिती थियो । यसका साथै विभिन्न राजनैतिक दलका नेता, प्रतिनिधी, सरकारी तथा गैह्र सरकारी निकायका प्रमुख एवम् प्रतिनिधीहरु, विभिन्न शिक्षण संस्थाहरुका प्रतिनिधीहरु, नागरिक समाजका विशिष्ट व्यक्तित्वहरु लगायत प्रतिष्ठानका विभागीय प्रमुखहरु, शाखा प्रमुखहरु, शिक्षक, चिकित्सक, कर्मचारी एवम् विद्यार्थीहरुको सहभागिता रहेको थियो । उक्त अवसरमा प्रमुख अतिथि लगायत आमन्त्रित विशिष्ट महानुभावहरु, पदाधिकारीहरु, शिक्षक तथा कर्मचारीहरुबाट प्रतिष्ठानको हाताभित्र रहेको महामानव वी.पी.कोइरालाको सालिकमा पनि माल्यार्पण गरिएको थियो ।

कार्यक्रममा प्रतिष्ठानका उपकुलपतिबाट स्वागत मन्तव्य व्यक्त गर्दै प्रतिष्ठानले हालसम्म हासिल गरेका उपलब्धीहरुका बारेमा जानकारी गराउनुका साथै यसका संचालनमा देखा परेका चुनौतीहरुलाई सबैले एकजुट भई सामना गर्दै यसको वृहत्तर विकासमा दृढतापूर्वक लागि पर्ने प्रतिवद्धता समेत व्यक्त गर्नु भएको थियो ।

### हार्दिक मंगलमय शुभकामना

नेपालीहरूको महान चाड बडादशैं २०७९ को पावन अवसरमा माता दुर्गा भवानीले प्रतिष्ठानका सम्पूर्ण पदाधिकारी, चिफ, विभागीय/महाशाखा/शाखा प्रमुख, शिक्षक, चिकित्सक, प्रशिक्षक/प्रशिक्षार्थी, कर्मचारी एवंम विद्यार्थीवर्ग लगायत सम्बद्ध सबैमा सु-स्वास्थ्य, दिर्घायु, शान्ति एवम् उतरोत्तर प्रगति प्रदान गरून् भन्ने कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

- सूचना तथा सञ्चार केन्द्र



उक्त कार्यक्रममा प्रमुख अतिथिबाट आफ्नो मन्तव्यको क्रममा प्रतिष्ठानको विकासका लागि आवश्यक पर्ने सहयोग उपलब्ध गराउने विश्वास दिलाउनु भएको थियो भने प्रदेश नं.१ का स्वास्थ्यमन्त्री माननीय जयराम यादव र संघिय सांसद माननीय जय कुमार राईबाट प्रतिष्ठानका हितका लागि आ-आफ्नो साथ सहयोग रहने मन्तव्य व्यक्त गर्नु भएको थियो । कार्यक्रमको



अन्त्यमा प्रतिष्ठानका रजिष्ट्रार प्रा.डा.सूर्य प्रसाद संग्रौलाबाट उपस्थित सबैमा प्रतिष्ठानको निमन्त्रणा स्वीकार गरी पाल्नु भएकोमा धन्यवाद ज्ञापन गर्नु भएको थियो भने कार्यक्रमको संचालन उपकुलपति सचिवालयका अधिकृत गौरब संजेलले गर्नुभएको थियो।



उक्त अवसरमा प्रतिष्ठानको अडिटोरियम हलमा आयोजित २१औं वीपी कोइराला मेमोरियल ओरेसनका विद्वत वक्ता पद्मश्री प्रा.डा.दिगम्बर बेहेराले ***"Looking Back to Move Forward: Mets-Reflections on Journey towards Establishing Cancer Care beyond & across the Academic Medicine in South Asian Context with Special Reference to Lung Cancer"*** विषयमा आफ्नो विद्वत प्रवचन दिनुभएको थियो। वहाँलाई प्रतिष्ठानका तर्फबाट Citation Award बाट सम्मानित गरिएको थियो । विशेष अतिथि प्रा.डा.राजकुमारले समेत सम्बोधन गर्नु भएको थियो । उक्त कार्यक्रममा प्रतिष्ठानका उपकुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार, अस्पताल निर्देशक, डिनहरु, शिक्षक, कर्मचारी लगायत विद्यार्थी गरी करिब २०० जनाको सहभागिता थियो । प्रतिष्ठानका अस्पताल निर्देशक डा.जगत नारायण प्रसादले सहभागी सम्पूर्णमा धन्यवाद मन्तब्य दिनुभएको थियो भने कार्यक्रमको संचालन फर्माकोलोजी विभागकी डा.कुमुद चापागांईले गर्नुभएको थियो ।



साथै उक्त अवसरमा प्रतिष्ठानको वार्षिक प्रगति विवरण तथा आगामी वर्षको कार्ययोजना सहितको **Annual Report 2021-022 and Plan of Action 2022-023** पुस्तक विमोचन गरिएको थियो । पुस्तकको नौ सदस्यीय Editorial Board का Editor मा फिजियोलोजी विभागका प्रमुख प्रा.डा.दिलीप ठाकुर तथा सदस्यहरुमा बसन्त कुमार कर्ण (एडिसनल प्रोफेसर, चाइल्ड हेल्थ नर्सिङ्ग), डा.मासुम पौडेल (एडिसनल प्रोफेसर, जी.पी. एण्ड इमर्जेन्सी मेडिसिन), डा.ताराकान्त भगत (एसोसिएट प्रोफेसर, कम्यूनिटी डेन्टिस्ट्री), डा.मनिषा क्षेत्री (एसोसिएट प्रोफेसर, अब्स / गाईने), डा.पुजन आचार्य ( एसिस्टेन्ट प्रोफेसर, पेरियोडोन्टिक्स), डा.अमरेन्द्र झा (एसिस्टेन्ट प्रोफेसर, फिजियोलोजी), डा.स्नेहा श्रेष्ठ (एसिस्टेन्ट प्रोफेसर, पेडोडोन्टिक्स) र डा.यम बहादुर गुरुङ्ग (एसिस्टेन्ट प्रोफेसर, अर्थोपेडिक्स) रहनु भएको थियो ।

## प्रतिष्ठानको अनुसन्धान समितिको २५औं बैठक सम्पन्न

प्रतिष्ठानको विभिन्न विभाग अन्तर्गत संचालन हुने अनुसन्धान कार्यको समीक्षा गर्न, अनुसन्धानको प्राथमिकता तोक्न र स्तर निर्धारण गर्न, विदेशी निकायहरुबाट प्राप्त हुने अनुसन्धान आयोजनाहरु संचालन गर्न, प्राप्त अनुसन्धान प्रस्तावहरुको छनौट गरी स्वीकृत गर्न, अनुसन्धान आयोजनाहरुका लागि प्राप्त रकमको अनुसन्धान कोष खडा गरी संचालन गर्न लगायत उपाधिमुलक अनुसन्धानहरुको परिक्षण गराउन र सो को नतिजा प्रकाशन गराउन अनुसन्धान समितिको बैठक वर्षमा घटिमा दुई पटक बस्नुपर्ने हुन्छ । विगत लामो समयदेखि कोभिड-१९ को महामारी लगायत अन्य विविध कारणले बैठक बस्न नसकेकोमा गत सेप्टेम्बर १२, २०२२ मा उक्त समितिको २५औं बैठक सम्पन्न भएको छ । प्रतिष्ठानका उपकुलपति डा.ज्ञानेन्द्र गिरीको उपस्थितीमा शिक्षाध्यक्ष प्रा.डा.गुरु प्रसाद खनालले बैठकको अध्यक्षता गर्नुभएको थियो । उक्त बैठकले प्रस्तुत २० वटा शोधपत्र प्रस्तावहरुमध्ये १७ वटा शोधपत्रलाई मात्र स्वीकृती दिने निर्णय गरेको थियो ।

उक्त अनुसन्धान समितिमा शिक्षाध्यक्ष अध्यक्ष रहनु भएको छ भने सदस्य सचिवमा शैक्षिक डीन प्रा.डा.शिवेन्द्र झा रहनु भएको छ । प्रतिष्ठानको तर्फबाट सदस्यहरुमा परीक्षा डीन, प्रा.डा.श्याम थापा क्षेत्री, माइक्रोबायोलोजी विभागका प्रमुख डा.नारायणराज भट्टराई, स्कूल अफ पब्लिक हेल्थ एण्ड कम्यूनिटी मेडिसिनका एडिसनल प्रोफेसर डा.सुमन बहादुर सिंह, प्रोस्थोडोन्टिक्स विभागका एसिस्टेन्ट प्रोफेसर डा.इन्द्र

कुमार लिम्बू, सर्जरी विभागका एसिस्टेन्ट प्रोफेसर डा. शारदा खड्का र ईन्टर्नल मेडिसिन विभागका एसिस्टेन्ट प्रोफेसर डा.सुरेन्द्र उराँव रहनु भएको छ। त्यसैगरी नेपाल तथा अन्तर्राष्ट्रिय वैज्ञानिकहरुबाट पाटन एकेडेमि अफ हेल्थ साइन्सेसका डीन प्राध्यापक बालकृष्ण एम.आचार्य र प्राध्यापक बुद्ध बस्न्यात, AIIMS, New Delhi भारतका प्राध्यापक विनित अहुजा र CMC, Vellore, भारतका प्राध्यापक श्यामुएल जर्ज सदस्य रहनु भएको छ भने मनोनित सदस्यहरुमा NHRC का प्राध्यापक गेहनाथ बराल तथा NAAST का प्रतिनिधी रहने व्यवस्था रहेको छ ।

## 28th Annual Scientific Programme (ASP 2022) को उद्घाटन समारोह सम्पन्न



**"Developing a Culture of Quality in Health through Acadmics and Research"** मूल नाराका साथ सेप्टेम्बर २१ देखि २३, २०२२ सम्म संचालन हुने 28th Annual Scientific Programme(ASP 2022) को उद्घाटन प्रतिष्ठानका शिक्षाध्यक्ष प्रा.डा.गुरु प्रसाद खनालले अडिटोरियम हलमा पानसमा बत्ती बालेर गर्नुभयो । उक्त अवसरमा प्रतिष्ठानका अस्पताल निर्देशक डा.जगत नारायण प्रसाद, शैक्षिक डीन प्रा.डा. शिवेन्द्र झा, परीक्षा डीन प्रा.डा.श्याम थापा क्षेत्री, स्कूल/कलेजका चिफहरु, विभागीय प्रमुखहरु, महाशाखा/शाखा प्रमुखहरु, शिक्षक, कर्मचारी एवम् विद्यार्थीहरुको सहभागिता रहेको थियो । प्रतिष्ठानका विद्यार्थीहरुले सरस्वती वन्दना, राष्ट्रिय गान एवम् प्रतिष्ठान गान गाएर कार्यक्रमको शुरुवात भएको थियो । उक्त अवसरमा समितिका सदस्यहरु डा.प्रमेन्द्र प्रसाद गुप्ता, डा. विजय खनाल, डा.विनोद कुमार लाल दास तथा डा.सुरेन्द्र कुमार उरांवले शिक्षाध्यक्ष, अस्पताल निर्देशक, डीनहरु र मुख्य वक्तालाई Abstract Book प्रदान गर्नु भएको थियो भने कार्यक्रममा 28th Annual Scientific Programme (ASP) 2022 का संयोजक प्रा.डा.माधव लम्सालले सहभागी सबैलाई स्वागत गर्दै धन्यवाद ज्ञापन गर्नुभयो । प्रतिष्ठानका शिक्षाध्यक्षज्यू र अस्पताल निर्देशकज्यूले कार्यक्रमको सफलताको शुभकामना सहितको आफ्नो मन्तव्य दिनु भयो । कार्यक्रमका मुख्य वक्ता (Key Note Speaker) ईन्टर्नल मेडिसिन विभागका प्राध्यापक डा.संजिव कुमार शर्माबाट **"Nepal on the roadmap of global health"** विषयमा आफ्नो विशेष प्रवचन दिनु भयो । प्रवचन पश्चात् शिक्षाध्यक्षज्यूले प्रा.डा.शर्मालाई सम्मान गर्दै Souvenir प्रदान गर्नुभयो । उक्त उद्घाटन कार्यक्रमको संचालन डर्माटोलोजी विभागका डा.प्रज्वल पाण्डे तथा बायोकेमेष्ट्री विभागकी डा.विजया मिश्राले गर्नुभएको थियो ।



तीन दिन सम्म चल्ने यस कार्यक्रमका लागि १५८ वटा Original Research तथा ४९ वटा Case Report गरी जम्मा २०७ वटा Abstracts पेश भएका मध्ये ११६ जनाले Poster Presentation गर्नुहुनेछ भने ९१ जनाले Oral Presentation गर्नुहुनेछ । Abstracts पेश गर्नेहरुमा ५५ जना शिक्षक/लेक्चरर/सिनियर रेसिडेन्ट एवम् १२५ जना स्नातकोत्तर र २७ जना स्नातकमा अध्ययनरत विद्यार्थीहरु रहेका छन् ।

## प्रतिष्ठानको फार्मेसी औपाचारिक रुपमा उद्घाटन



नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नीति अनुरुप स्वास्थ्य सेवामा सर्वसाधारणको प्रभावकारी रुपमा पहुँच सुनिश्चित गर्नका लागि प्रतिष्ठान आफैले फार्मेसी स्थापना गरी पूर्ण रुपमा संचालनमा ल्याएको छ ।

मिति २०७९।५।३० गते प्रतिष्ठानका उपकूलपति डा.ज्ञानेन्द्र गिरीले औपचारिक रुपमा प्रतिष्ठान फार्मेसीको उद्घाटन गर्नुभयो । उक्त अवसरमा प्रतिष्ठानका शिक्षाध्यक्ष प्रा.डा.गुरु प्रसाद खनाल, रजिष्ट्रार प्रा.डा.सूर्य प्रसाद संग्रौला, अस्पताल निर्देशक डा.जगत नारायण प्रसाद, विभिन्न विभाग, महाशाखा, शाखाका प्रमुखहरु लगायत शिक्षक, कर्मचारी एवम् पत्रकारहरुको उपस्थिती थियो ।

प्रतिष्ठानका उपकुलपतिले मिति २०७८/७/११ मा डा.जगत नारायण प्रसाद, संयोजक तथा लोकेश शेखर जैसवाल, सह-संयोजक रहने गरी फार्मेसी संचालन, अनुगमन तथा व्यवस्थापन समिति गठन गर्नु भएको हो। उक्त समितिको अथक प्रयास तथा सम्बद्ध सम्पूर्णको सहयोगले यो फार्मेसी संचालनमा आउन सफल भएको हो । उक्त फार्मेसीको प्रमुखमा श्री लक्ष्मण महर्जन रहनु भएको छ ।

अस्पताल फार्मेसीले दिने सेवाहरुमा गुणस्तरीय औषधीहरुको सर्वसुलभ उपलब्धता, व्यवस्थापन, Dispensing, क्लिनिकल फार्मेसी तथा Medication counseling रहेको छ । सिमित जनशक्तिका बावजुद शुरुवातका

दिनहरुमा मासिक रु. ७० हजारको हाराहारीमा बिक्री हुने औषधी तथा औषधीजन्य सामाग्रीहरु क्रमशः बृद्धि हुँदै हाल मासिक रु. १ करोड ४० लाख सम्म बिक्री हुने गरेको छ । अस्पताल संचालनका लागि आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामाग्रीहरु मध्ये ९० प्रतिशत भन्दा बढी उपलब्ध रहेको छ भने थप आवश्यकीय औषधीहरुको सुची तैयार गरी खरिद प्रकृया अघि बढिसकेको छ । साथै अर्थोपेडिक्स इम्प्लान्ट्स् र प्रोस्थेटिक्स् टेण्डर पनि आव्हान भैसकेको छ ।




औषधी र औषधीजन्य पदार्थ/सामाग्रीहरुको उपलब्धतालाई प्रभावकारी बनाई भर्ना भएका विरामीहरुलाई अन्यत्र कतै औषधि खरिद गर्न जानु नपर्ने गरी सुपथ मूल्यमा प्रतिष्ठान फार्मेसीबाट बेड-बेडमा नै औषधि पुऱ्याउने लक्ष्य लिएर गृहकार्य भैरहेको छ ।

## प्रतिष्ठानको आवास व्यवस्थापन समिति गठन

प्रतिष्ठानमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको आवास व्यवस्थापनका लागि रजिष्ट्रार प्रा.डा.सूर्य प्रसाद संग्रौलाले एनाटोमी विभागका प्रमुख डा. शमशेर श्रेष्ठको संयोजकत्वमा आवास व्यवस्थापन समितिको गठन गर्नुभएको छ । सामान्य प्रशासन शाखाका प्रमुख सदस्य-सचिव रहने सात सदस्यीय समितिका सदस्यहरुमा श्री मेट्रोन ( नर्सिङ्ग सर्भिस), डा.रमेश श्रेष्ठ ( एसिस्टेन्ट प्रोफेसर, अब्स/गाइने विभाग), डा.अरविन्द राई (एसिस्टेन्ट प्रोफसर, कन्जर्भेटिभ डेन्टिस्ट्री विभाग), श्री कृती चौधरी(एसिस्टेन्ट प्रोफेसर, मेटर्नल हेल्थ नर्सिङ्ग विभाग) र श्री गणेश प्रसाद साह (ल्याब टेक्नोलोजिष्ट, माइक्रोबायोलोजी विभाग) रहनु भएको छ । समितिको कार्यकाल मिति २०७९।५।२८ गते देखि लागु भई एक वर्षका लागि हुनेछ । उक्त समितिलाई आवास सम्बन्धी नीति, निर्णयहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने, आवास सम्बन्धी पूर्व नीति, निर्णयहरुमा संशोधन परिमार्जन गर्न आवश्यक देखिएमा नीति तर्जुमाका लागि प्रस्ताव तैयार गरी पेश गर्ने, आवास वितरण गर्दा निर्धारित नीति नियमको अधिनमा रही पारदर्शिता अपनाउने, आवासहरुको अभिलेख अध्यावधिक गर्ने जस्ता जिम्मेवारी दिइएको छ ।

## प्रतिष्ठानमा विभिन्न कार्याशाला गोष्ठीको आयोजना

प्रतिष्ठानको निरन्तर चिकित्सा शिक्षा (CME) कार्यक्रम अन्तर्गत विभिन्न विभागबाट कार्याशाला गोष्ठीको आयोजना गरिएको छ ।



प्रतिष्ठानमा क्लिनिकल साइकोलोजी विषयको M.Phil अध्ययनका लागि आवश्यक पाठ्यक्रम तर्जुमा गर्न साइकियाट्री विभागको आयोजनामा २०७९ भाद्र २८ गते देखि २९ गते ( तद्नुसार सेप्टेम्बर १३ देखि १४, २०२२) सम्म कार्यशाला गोष्ठी सम्पन्न भएको छ । उक्त कार्यशाला गोष्ठीमा देशको मनोसामाजिक स्वास्थ्य सेवाका लागि अत्यावश्यक जनशक्तिको रुपमा रहेका विज्ञहरु उत्पादन गर्नका लागि पाठ्यक्रम तर्जुमा गर्न वरिष्ठ मनोविदहरु, मनोचिकित्सक र चिकित्सा शिक्षा विज्ञहरुसहितको सक्रिय सहभागितामा तैयारी सम्पन्न भएको छ। कार्याशाला गोष्ठीको उद्घाटन गर्दै प्रतिष्ठानका उपकुलपति डा.ज्ञानेन्द्र गिरीले महत्वपूर्ण विषयको पाठ्यक्रम बनाउने कार्यशाला गोष्ठी सफलतापूर्वक सम्पन्न होस् भनि शुभकामना दिनुभयो। प्रतिष्ठानका शिक्षाध्यक्ष प्रा.डा. गुरुप्रसाद खनालले यस्ता उपयोगी विषयको शिक्षा, तालिम प्रतिष्ठानको महत्वपूर्ण विशेषता भएको तथ्य औंल्याउनु भयो । कार्यक्रममा प्रतिष्ठानका रजिस्ट्रार, अस्पताल प्रमुख, डिन लगायतका महानुभावहरुको पनि समुपस्थिति थियो। विभागीय प्रमुख प्रा.डा.धनरत्न शाक्यको सभापतित्वमा सम्पन्न कार्यक्रममा डा.रिन्कु गौतम जोशीको धन्यवाद मन्तव्य रहेको थियो ।



यसैगरी प्रतिष्ठानको हाडजोर्नी बिभागले २०७९ असोज १ गते (तद्नुसार २०२२ सेप्टेम्बर १७) का दिन मेरुदण्ड (Spine) सम्बन्धी राष्ट्रियस्तरको कार्यशाला गोष्ठी (Cadaver Spine Course) को आयोजना गरेको थियो । बिभागीय प्रमुख प्रा.डा.बिक्रम प्रसाद श्रेष्ठको अध्यक्षतामा भएको सो कार्यशाला गोष्ठीमा प्रा.डा.पशुपति चौधरी आयोजक सचिव (Organizing Secretary), डा.राजिव महर्जन, सह-सचिव(Joint Secretary) तथा डा.प्रमोद बराल, कार्यक्रम प्रमुख (Scientific Program Chair) रहनु भएको थियो । Association of Spine Surgeons of Nepal (ASSN) ले अनुमोदन गरेको यस कार्यशालामा नेपालका विभिन्न स्थानका शैक्षिक संस्था एवं स्वास्थ्य संस्थाहरुबाट आउनु भएका विज्ञ स्पाइन सर्जनहरुको प्रस्तुतिकरण रहेको थियो । यस कार्यक्रममा प्रस्तुतिकरण तथा प्रशिक्षण दिनका लागि ASSN का तर्फबाट संगठनका अध्यक्ष प्रा.डा. बिमल पाण्डे, महासचिब डा.व्यापक पौडेल,

प्रा.डा.दिपक श्रेष्ठ, प्रा.डा.सुरज बज्राचार्य, प्रा.डा.गौरबराज ढकाल तथा प्रतिष्ठानका तर्फबाट प्रा.डा.पशुपति चौधरी, डा.राजिव महर्जन एवम् डा.प्रमोद बराल लगायतका नेपालका वरिष्ठ स्पाइन सर्जनहरुको अन्तर्क्रिया भएको थियो । गोष्ठीमा नेपालका विभिन्न स्वास्थ्य संस्थाहरुका जुनियर रेसिडेन्ट तथा हाडजोर्नी विशेषज्ञहरु गरी ४६ जना चिकित्सकहरुलाई मेरुदण्डको शल्यक्रिया बारे तालिम दिइएको थियो । नेपाल मेडिकल काउन्सिलबाट पनि उक्त कार्याशाला गोष्ठीमा सहभागी चिकित्सकहरुका लागि 8.5 Continuing Professional Development (CPD) अंकभार स्वीकृत गरिएको थियो । सहभागी प्रशिक्षार्थीहरुलाई एनाटोमी बिभागको Dissection Hall मा मानव शव (Cadaver) मै शल्यक्रियाका महत्वपूर्ण तरिकाहरु सिकाइएको थियो । यसबाट प्रतिष्ठान लगायत देशका विभिन्न शिक्षण अस्पतालहरुमा अध्ययनरत हाडजोर्नी बिभागका जुनियर रेजिडेण्टहरुका साथै हाडजोर्नी बिशेषज्ञहरु समेतलाई वरिष्ठ स्पाइन सर्जनहरुले स्पाइन सर्जरीका विविध विषयमा महत्वपूर्ण ज्ञान प्रदान गर्नु भयो । यस किसिमका शल्यक्रिया सम्बन्धी कार्यशालाले प्रत्यक्ष मानव शरीरमा शल्यक्रिया गर्दा आवश्यक पर्ने प्राविधिक ज्ञान, सीप तथा कौशल हासिल गर्ने अवसर प्राप्त हुने हुँदा हाडजोर्नी तथा स्पाइन सर्जरीका प्रशिक्षार्थीहरुलाई स्पाइन सर्जरीका बिरामीहरुको सुरक्षित शल्यक्रियामा महत्वपूर्ण योगदान पुग्ने गर्दछ । विगतमा हाडजोर्नी विभागले यस किसिमको मेरुदण्ड सम्बन्धी कार्याशाला गोष्ठी(Cadaveric Spine Workshop) को आयोजना गर्दै आएकोमा COVID-19 को महामारीका कारण यसलाई निरन्तरता दिन सकेको थिएन भने भविष्यमा यस प्रकारको कार्यक्रमहरुलाई निरन्तरता दिइदै जाने लक्ष्य रहेको छ ।

त्यसैगरी, प्रतिष्ठानको माइक्रोबायोलोजी विभागबाट आगामी असोज ८ गते तदानुसार सेप्टेम्बर २४, २०२२ का दिन Nepalese Association of Clinical Microbiologist (NACM) तथा American Society for Microbiology(ASM) को सहयोगमा "Workshop on Hospital Acquired Infection: Prevention & Control" नामक कार्यशाला गोष्ठीको आयोजना गरिने भएको छ । उक्त गोष्ठीमा धरान, विराटनगर लगायत काठमाडौंका विभिन्न स्वास्थ्य क्षेत्रमा कार्यरत चिकित्सक, नर्सिङ्ग, प्राविधिक तथा स्वास्थ्यकर्मी गरी ५० जना भन्दा बढिको सहभागिता रहने छ । उक्त गोष्ठीका सम्बन्धमा विस्तृत जानकारीका लागि मोबाइल नं. ९८४२०३९९७२ तथा इमेल- microbiology@bpkihs.edu मा सम्पर्क गर्न सकिने छ ।

## प्रा.डा.बसुधा खनाल 'Woman in Medicine in Nepal – 2022' अवार्डबाट सम्मानित



नेपाल चिकित्सक संघले महामहिम राष्ट्रपति विद्यादेवी भण्डारी मार्फत चिकित्सा क्षेत्रमा उल्लेख्यनीय योगदान गरेका नेपाल भरीका १० जना महिला चिकित्सकहरुलाई **'Woman in Medicine in Nepal – 2022'** अवार्ड र ५ जना महिला चिकित्सकहरुलाई **'Woman in Medicine Life Achievement'** अवार्ड प्रदान गरेको छ । उक्त अवसरमा माइक्रोबायोलोजिको क्षेत्रमा उपत्यका बाहिर रहेर लामो समयसम्म शिक्षा, अध्ययन, अनुसन्धान र चिकित्सा सेवामो योगदान गरेकी प्रतिष्ठानको माइक्रोबायोलोजी विभागकी प्राध्यापक डा.बसुधा खनाल **'Woman in Medicine in Nepal–2022'** अवार्डबाट सम्मानित हुनुभएको छ । विगतमा वहांले प्रमाण पत्र तह (विज्ञान) छात्रातर्फको उच्चतम अंक प्राप्त गरे वापत ऐश्वर्या विद्यापदक र स्नाकोत्तर (MD) मा गोल्ड मेडल समेत प्राप्त गरिसक्नु भएको थियो ।

प्रतिष्ठानमा निरन्तर सेवारत रही वहँले माइक्रोबायोलोजी विभागीय प्रमुखको जिम्मेवारी समेत निर्वाह गर्नुका साथै विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलमा चिकित्सा विज्ञान सम्बन्धी अनेकौ लेख, रचना प्रकाशन गर्नु भएको छ । वहाँले कालाजार, एन्टिबायोटिक प्रतिरोधात्मक क्षमताका ब्याक्टेरिया लगायतका क्षेत्रमा समेत अनुसन्धान गर्नुभएको छ भने हाल नेपाल क्लिनिकल माइक्रोबायोलोजी एसोसिएसनको अध्यक्ष समेत हुनुहुन्छ ।

## प्रतिष्ठानमा विश्व स्तनपान सप्ताह समारोह सम्पन्न

प्रतिष्ठानको डाइटेटिक शाखाले प्रत्येक वर्ष अगष्ट १ देखि अगष्ट ७ सम्म विश्व स्तनपान सप्ताहको अवसरमा विभिन्न कार्यक्रमहरुको आयोजना गर्दै आइरहेको छ । उक्त शाखाले यस वर्ष पनि विश्व स्तनपान सप्ताह समारोहको आयोजना गरेको थियो । यस सप्ताहमा पेडियाट्रिक ओ.पी.डी. मा ४० जना, पोष्टनेटल वार्डमा २० जना, पेडियाट्रिक वार्डमा २० जना सुत्केरी र तिनका परिवार, स्वास्थ्यकर्मी र अभिभावकहरुलाई आमाको दुधबाट बच्चा र आमालाई हुने लाभ र महत्व बारे जागरुक गराउने कार्य गरिएको थियो । त्यसैगरी डाईटेटिक शाखाले सधै बिहान बेलुका गरी महिनामा ६०० देखि ७०० विरामीहरुलाई खानाको व्यवस्थापन गरिरहेको छ । साथै डाईटेटिक शाखाकी डाईटेटिसियन शिल्पी कुमारीले विरामीहरुलाई खाना सम्बन्धी जानकारी गराई सेवा प्रदान गर्दै आइरहनु भएको छ ।

## शिक्षक कल्याण समाजको निर्वाचनका लागि समिति गठन

प्रतिष्ठानको सञ्चालक परिषद्को ३२औं सभाको नीति र कार्यकारिणी समितिबाट पारित शिक्षक कल्याण समाज, २०७१

बमोजिम शिक्षक कल्याण समाजको कार्य समितिको पहिलो पटक निर्वाचन सम्पन्न गराउन प्रतिष्ठानका शिक्षाध्यक्ष प्रा.डा.गुरु प्रसाद खनालले फिजियोलोजी विभागका प्राध्यापक प्रा.डा.विष्णुहरि पौडेलको अध्यक्षतामा सात सदस्यीय निर्वाचन समिति गठन गर्नु भएको छ । सदस्यहरुमा प्रा.डा.बन्दना कोइराला, प्रा.रमानन्द चौधरी, डा.शमशेर श्रेष्ठ, डा.शंकर प्रसाद साह, डा.राजेन्द्र कार्की र डा.यम बहादुर गुरुङ्ग रहनु भएको छ । उक्त निर्वाचन समितिले आगामी कार्त्तिक १७ गते निर्वाचनको मिति तय गरेको छ ।

## विद्यार्थी कल्याण समाजको निर्वाचन सम्पन्न



विद्यार्थी कल्याण समाजको प्रत्येक २ वर्षमा हुनुपर्ने निर्वाचन विविध कारणले लामो समयदेखि हुन नसकेकोमा प्रतिष्ठानका शिक्षाध्यक्ष प्रा.डा.गुरुप्रसाद खनालबाट एनाटोमी विभागका प्रमुख डा.शमशेर श्रेष्ठको अध्यक्षतामा गठित सात सदस्यीय निर्वाचन समितिले यही भाद्र १७ मा निर्वाचन सम्पन्न गरेको छ। प्रतिष्ठानको संचालक परिषदको ३२औं सभाको निर्णय एवं कार्यकारीणी समितिबाट विद्यार्थी कल्याण समाज, २०७२ पारित भएको हो । कुल २७ सदस्यहरु रहेको उक्त समाजको कार्यसमितिको अध्यक्ष लगायत १९ सदस्यहरु निर्वाचनबाट चयन भएका छन् भने अन्य सबै निर्विरोध निर्वाचित भएका छन् । कुल खसेको ७१.८% ( १०२३) मत मध्ये जम्मा ५४४ मत ल्याएर ओम शान्ति रजक अध्यक्ष पदमा निर्वाचित भएका थिए । निर्वाचित पदाधिकारी तथा सदस्यहरुको भाद्र २६ गते प्रतिष्ठानको अडिटोरियम हलमा आयोजित पदस्थापना तथा शपथग्रहण कार्यक्रममा प्रतिष्ठानका उपकुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार, शैक्षिक डीन, निर्वाचन समितिका अध्यक्ष र सदस्यहरु, शिक्षक, कर्मचारी, विद्यार्थीहरुको उपस्थिती रहेको थियो ।

## प्रतिष्ठानमा अर्बुद (Cancer) रोग सम्बन्धि सेवाहरुमा द्रुतगतिले विस्तार

प्रतिष्ठानमा गत दुई वर्षको तथ्यांक अनुसार प्रत्येक महिना करिब ७०० देखि ९०० जना सम्म विरामीहरु परामर्श तथा सेवाका लागि क्यान्सर ओ.पी.डी. मा आउने गरेका छन् । त्यसमध्ये करिब २०० देखि ४०० जना विरामीहरु भर्ना हुन्छन् भने १५० देखि २०० जनाले Day Care Chemotherapy सेवा लिने गरेका छन्। प्रतिष्ठानमा डा.सोनिया दुलालले सेवा प्रारम्भ गरे पश्चात क्यान्सर रोग सम्बन्धी सहज र सुलभ सेवाका कारण पहिले जस्तो काठमाडौं, भरतपुर र भारत तिर उपचारका लागि जाने बाध्यताको अन्त्य भएको छ भने प्रतिष्ठानमा क्यान्सरका विरामीहरुको संख्यामा उल्लेख्य रुपमा वृद्धि भएको छ। भारतबाट समेत क्यान्सरका विरामीहरु उपचारका लागि प्रतिष्ठानमा आउने गरेका छन् । प्रतिष्ठानमा नै क्यान्सरको रोकथाम, निदान, शल्यक्रिया, Chemotherapy, Targeted therapy, Immune therapy, Hospice, Palliative care तथा Genetic evaluation लगायतका सेवाहरु सम्भव भएकाले क्यान्सर पिडितहरुले Radiation therapy का लागि मात्र प्रतिष्ठान बाहिर जानुपर्ने अवस्था रहेको छ र भविष्यमा प्रतिष्ठानमा नै Radio therapy सेवा विस्तार गरी संचालनमा ल्याउने प्रतिष्ठानको योजना रहेको छ ।


National Academy of Medical Science (NAMS), वीर अस्पतालबाट Medical Oncology मा DM गर्नु भएकी प्रतिष्ठानको Internal Medicine विभागकी डा. सोनिया दुलालले Princess Margaret Cancer Center, Canada का प्राध्यापक Dr. Ian F. Tannock र वहांको टोलीको मार्ग निर्देशनमा प्रतिष्ठानमा क्यान्सर सेवा विस्तारका लागि समन्वयात्मक भूमिका निर्वाह गर्दै आउनु भएको छ । यस सन्दर्भमा प्रतिष्ठानका दुई जना नर्सिङ्ग जनशक्तिले De Souza Cancer Care Basic online course गरी दक्षता हासिल गरिसकेका छन् भने अन्य तीन जनालाई तालिमका लागि छनौट गरिएको छ । डा.दुलालले Princess Margaret Cancer Center, Canada संगको संयुक्त प्रयासमा पूर्वी नेपालमा विशेषत: मंगोल वर्ग (राई, लिम्बू) का महिलाहरुमा देखिने वंशाणुगत क्यान्सर सम्बन्धी विशेष जिनको (Genetic Evaluation) अध्ययन गर्दै हुनुहुन्छ । यस प्रकारको अध्ययन नेपाल मै पहिलो रहेको छ ।

त्यस्तै प्रतिष्ठानको सर्जरी विभागमा कार्यरत डा.शारदा खड्काले भारतको नयां दिल्ली स्थित All India Institute of Medical Sciences (AIIMS) बाट Breast and Endocrine Surgery विषयमा MCh अध्ययन पुरा गरे पश्चात प्रतिष्ठानमा गत एक वर्षदेखि स्तनरोग एवम् स्तन क्यान्सर सम्बन्धी निदान एवं उपचार सेवा परिष्कृत भएको छ । स्तन क्यान्सर संसारमै सर्वाधिक हुने क्यान्सरमध्ये दोस्रो नम्बरमा पर्दछ । पहिले स्तन क्यान्सरको उपचार हुंदा सम्पूर्ण स्तननै फाल्ने गरिन्थ्यो भने अहिले आएर स्तनलाई बचाएर पनि स्तनको क्यान्सरको उपचार सम्भव रहेको छ । यस किसिमको सर्जरी गरी स्तन बचाउने नेपालमा थोरै सर्जनहरुमध्ये डा.खड्का पनि एक हुन् । डा.खड्काले प्रतिष्ठानमा स्तन लगायत Endocrine (Parathyroid, Adrenal, Pancreas) सम्बन्धी पनि शल्यक्रियाको पनि सुविधा दिंदै आइरहनु भएको छ ।

महिलाका स्तन बाहेक विभिन्न प्रजनन अङ्गहरु जस्तै: पाठेघर (Uterus), पाठेघरको मुख (Cervix), अण्डासय (Ovary), अण्डानली (Fallopian tube), योनी (Vulva), योनीद्वार (Vagina) मा

देखिने क्यान्सरसंग सम्बन्धित विज्ञानलाई गाइनेकोलोजीकल अंकोलोजी(Gynaecological Oncology) भनिन्छ । महिलाको प्रजनन अङ्गको क्यान्सर (Gynaecologal Cancer) को शल्यक्रियामा गाइनोकोलोजी विभागका एडिसनल प्रोफेसर डा.पप्पु रिजाल र एसिस्टेन्ट प्रोफेसर डा.रमेश श्रेष्ठ संलग्न हुनुहुन्छ । गाइनेकोलोजीकल अंकोलोजी (Gynaecological Onco-sugery) सम्बन्धमा डा.रिजालले Royal Women Hospital, University of New South Wales, Australia बाट तीन महिना तालिम लिनुभएको हो भने डा. श्रेष्ठले Tata Medical Center बाट दुई वर्षको Fellowship गरी विगत चार वर्ष देखि विरामीलाई यो सेवा दिँदै आउनु भएको छ ।

क्यान्सर रोग लाग्नु भन्दा अगावै बिग्रदै गएका कोषिकाको सही पहिचान गरी (Pre-cancerous stage) उपचार गरेमा रोगलाई पूर्णरुपमा निको पार्न सकिन्छ । यसको लागि विभिन्न स्क्रिनिङ्ग प्रविधिका माध्यमबाट क्यान्सर लाग्न भन्दा अगावै पत्ता लगाउन सकिन्छ । यस प्रविधिले विशेषगरी पाठेघरको मुखको क्यान्सर (Cervical Cancer Screening) पत्ता लगाउन सकिन्छ ।



पाठेघरको मुखको क्यान्सर नेपाल जस्तो विकासोन्मुख देशहरुमा देखिने अन्य क्यान्सर भन्दा अधिक मात्रामा देखिने गरेको छ । पाठेघरको मुखमा विवाहित महिलामा यौन सम्पर्क पछि भाइरसको संक्रमण पश्चात बिग्रिएको कोषिकाहरु क्यान्सर हुनु अगावै Visual Inspection with Acidic acid, PAP Smear, Colposcopy जस्ता प्रविधिहरु(Cervical Cancer Screening) बाट पत्ता लगाउन सकिन्छ। यसका लागि ३० देखि ६० वर्षका विवाहित महिलाहरुले प्रतिष्ठानको प्रसुती तथा स्त्रीरोग विभागबाट नै यो सेवा प्रयोग गरी आफुलाई सुरक्षित राख्न सक्छन् ।

पाठेघरको मुखको क्यान्सरबाट बच्नको लागि ९ देखि १५ वर्ष मुनिका अविवाहित किशोरीहरुले Human Papilloma Virus Vaccine खोपको पनि प्रयोग गर्न सक्छन् । यौन सम्पर्कमा आउनु भन्दा पूर्व यो खोप दुई डोजमा लगाइन्छ । पहिलो डोज लगाएको ६ महिना पछि दोस्रो डोज लगाइन्छ । उक्त खोप प्रतिष्ठानमा नै उपलब्ध छ ।



प्रतिष्ठानमा मुख तथा घाँटीको क्यान्सरको पनि उच्च प्रविधिबाट शल्यक्रिया भैराखेको छ । प्रतिष्ठानको स्थापनाकाल देखिनै प्रतिष्ठानको नाक, कान, घांटी तथा Oral and maxillofacial Surgery विभागबाट मुख तथा घांटीको क्यान्सरको शल्यक्रिया हुँदै आइरहेको छ । हाल यस किसिमको शल्यक्रियामा नाक, कान, घाँटी विभागबाट प्रा.डा.संगिता भण्डारी र डा.दिपक पौडेल साथै ओरल म्याक्सिलोफेसियल सर्जरी विभागबाट डा.मेहुलराज जैशानी संलग्न हुनुहुन्छ । प्राध्यापक भण्डारीले Tata Memorial Cancer Hospital, मुंबई, भारतबाट Head and Neck Cancer विषयमा एक वर्षको Fellowship गर्नुभएको छ भने डा. पौडेलले Christian Medical College (CMC), भेलोर, भारतबाट दुई वर्षको Fellowship गर्नु भएको छ । त्यसैगरी डा.जैशानीले Royal College of Surgeons, इन्ल्याण्डबाट एक वर्षको Fellowship गर्नु भएको छ । विगत पाँच वर्ष देखि विरामीको आवश्यकता हेरी नयाँ तथा जटिल प्रविधि जस्तै Micro-vascular Free Flap शल्यक्रिया प्रतिष्ठानमा हुँदै आएको छ । उक्त प्रविधीमा क्यान्सरको घाउ निकाले पछि बनेको खाली ठाँउ भर्नका लागि शरिरका विभिन्न भागबाट छाला, मासु वा हड्डीहरु नसा सहित मुख तथा घांटीमा स्थानान्तरण गरिन्छ ।

यस्ता शल्यक्रिया निकै लामो (१२ देखि १५ घण्टा सम्म) तथा जटिल हुने हुंदा शल्यक्रिया टोली तथा Anaesthesia टोली दुवैलाई यो प्रविधी निकै चुनौतीपूर्ण छ । नेपाल तथा भारतका अन्य अस्पतालको तुलनामा प्रतिष्ठानमा यस्तो शल्यक्रिया निकै सस्तो हुने गरेको छ । साधारणतया अन्यत्र १० देखि १२ लाख सम्म खर्च हुने यो शल्यक्रियामा प्रतिष्ठानमा दुई देखि तीन लाख मात्र खर्च हुने गरेको छ ।



## हार्दिक समवेदना

(जन्म: वि.सं.१९८४/०८/२४ - मृत्यू: वि.सं. २०७९/०६/०४)

प्रतिष्ठानका रजिष्ट्रार प्रा.डा.सूर्य प्रसाद संग्रौलाका पुज्यनिय पिता श्री कृष्णप्रसाद संग्रौलाको ९६ वर्षको उमेरमा स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चिरशान्तिको प्रार्थना गर्दै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनमा ईश्वरले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन् भनी हार्दिक समवेदना व्यक्त गर्दछ ।

**-प्रतिष्ठान परिवार**

**Patients Care Record of Covid- 19 Hospital, BPKIHS (Month of Bhadra, 2079)**

- *Total admission* : 7
- *Total Discharge* : 4
- *Total PCR Test* : 233
- *Total Positive* : *39*
- *Total Follow up Positive* : 4
- *Death* : 1

***Source: Covid Hospital & Dept. of Microbiology***

**OPD Schedule of B.P. Koirala Institute of Health Science, Dharan, Nepal**

| Department | Sunday | Monday | Tuesday | Wednsday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| **Ophthalmology (Eye)** | Prof. Dr. Poonam Lavaju | Dr. Bhuwan Govinda Shrestha | Dr. Santosh Chaudhary | Dr. Bhuwan Govinda Shrestha | Prof. Dr. Poonam Lavaju | Dr. Bhuwan Govinda Shrestha |
| | Dr. Sangita Sah | Dr. Santosh Chaudhary | | Dr. Santosh Chaudhary | Dr. Sangita Sah | Dr. Santosh Chaudhary |
| **Psychiatry** | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari |
| | Dr. Sanjeev Kumar Mishra | Dr. Rinku Gautam Joshi | Dr. Sanjeev Kumar Mishra | Dr. Suraj Nepal | Dr. Sanjeev Kumar Mishra | Dr. Rinku Gautam Joshi |
| | Dr. Suren Limbu | Dr. Suraj Nepal | Dr. Suren Limbu | Dr. Suren Limbu | Dr. Rinku Gautam Joshi | Dr. Suraj Nepal |
| | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod K. Deo (Psychology) | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod Kumar Deo (Psychology) | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod Kumar Deo (Psychology) |
| **Orthopedics** | Prof. Dr.Guru Prasad Khanal | Prof. Dr. Pashupati Chaudhary | Prof.Dr. Bikram Prasad Shrestha | Prof. Dr.Guru Prasad Khanal | Prof. Dr. Pashupati Chaudhary | Prof.Dr. Bikram Prasad Shrestha |
| | Dr. Rajiv Maharjan | Dr. Roshan Prasad Shah Kalawar | Dr. Bishnu Pokharel | Dr. Rajiv Maharjan | Dr. Roshan Prasad Shah Kalawar | Dr. Bishnu Pokharel |
| | Dr. Amit Limbu | Dr. Ashish Pndey | Dr. Pramod Baral | Dr. Amit Limbu | Dr. Ashish Pndey | Dr. Pramod Baral |
| | Dr. Jitendra Shah | Dr. Yam Bahadur Gurung | Dr. Amit Bikram Shah | Dr. Jitendra Shah | Dr. Yam Bahadur Gurung | Dr. Amit Bikram Shah |
| **Internal Medicine** | Prof. Dr. Sanjib Kumar Sharma | Dr. Robin Maskey | Prof. Dr. Sanjib Kumar Sharma | Dr. Robin Maskey | Dr. Sonia Dulal | Dr. Robin Maskey |
| | Dr. Sonia Dulal | Dr. Bibek Kattel | Dr. Sonia Dulal | Dr. Bibek Kattel | Dr. Bhupendra Shah | Dr. Bibek Kattel |
| | Dr. Bhupendra Shah | | Dr. Prashant Mani Tripathi | | Dr. Prashant Mani Tripathi | |
| | Dr. Prashant Mani Tripathi | | | | | |
| **Cardiology** | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey |
| **Gastroenterology & Hepatology** | | Prof. Dr. Bickram Pradhan | | | Prof. Dr. Bickram Pradhan | |
| | | Dr. Denis Piyush | | | Dr. Denis Piyush | |
| **Pulmonary, Critical Care and Sleep Medicine** | | | Prof. Dr. Narendra Bhatta | | | Prof. Dr. Narendra Bhatta |
| | | | Dr. Deebya Raj Mishra | | | Dr. Deebya Raj Mishra |
| **General Surgery** | Prof. Dr. Shailesh Adhikary | Prof. Dr. Rakesh Kumar Gupta | Prof. Dr. Shailesh Adhikary | Prof. Dr. Rakesh Kumar Gupta | Prof. Dr. Shailesh Adhikary | Prof. Dr. Rakesh Kumar Gupta |
| | Dr. Suresh Prasad Sah | Dr. Rikesh Jung Karki | Dr. Suresh Prasad Sah | Dr. Rikesh Jung Karki | Dr. Suresh Prasad Sah | Dr. Rikesh Jung Karki |
| | Dr. Kunal Bikram Deo | Dr. Rajesh Prasad Sah | Dr. Lokesh Shekhar Jaiswal | Dr. Rajesh Prasad Sah | Dr. Lokesh Shekhar Jaiswal | Dr. Rajesh Prasad Sah |
| | Dr. Sharada Khadka | Dr. Abhijeet Kumar | Dr. Bijay Sah | Dr. Abhijeet Kumar | Dr. Bijay Sah | Dr. Abhijeet Kumar |
| | Dr. Rupesh Prasad Sah | Dr. Alok Dahal | Dr. Kunal Bikram Deo | Dr. Alok Dahal | Dr. Kunal Bikram Deo | Dr. Alok Dahal |
| | Dr. Nirmal Prasad Sah | Dr. Bhawani Khanal | Dr. Sarada Khadka | Dr. Bhawani Khanal | Dr. Sarada Khadka | Dr. Bhawani Khanal |
| | Dr. Vijay Shrestha | Dr. Samir Chaudhary | Dr. Rupesh Prasad Sah | Dr. Samir Chaudhary | Dr. Rupesh Prasad Sah | Dr. Samir Chaudhary |
| | | | Dr. Nirmal Prasad Sah | | Dr. Nirmal Prasad Sah | |
| | | | Dr. Vijay Shrestha | | Dr. Vijay Shrestha | |
| **Otorhinolaryngology and Head & Neck Surgery (ENT)** | Prof. Dr. Shyam Thapa | Prof. Dr. Shyam Thapa | Dr. Deepak Paudel | Dr. Deepak Paudel | Prof. Dr. Shyam Thapa | Dr. Deepak Paudel |
| | Dr. Shankar Prasad Sah | Dr. Shankar Prasad Sah | Dr. Paras Raj Amatya | Dr. Paras Raj Amatya | Dr. Shankar Prasad Sah | Dr. Paras Raj Amatya |
| | Dr. Sudeep Mishra | Dr. Sudeep Mishra | | | Dr. Sudeep Mishra | |
| **Dertamatology & Venerology** | Prof. Dr. Sudha Agrawal | Dr. Nidhi Sah | Dr. Dhan Keshar Khadka | Dr. Nidhi Sah | Prof. Dr. Sudha Agrawal | Dr. Dhan Keshar Khadka |
| | Dr. Prajwal Pandey | | Dr. Suchana Marahatta | | Dr. Prajwal Pandey | Dr. Suchana Marahatta |
| **General Practice & Emergency Medicine** | Dr. Rajani Giri | Dr. Rabin Bhandari | Dr. Rabin Bhandari | Dr. Ashok Yadav | Dr. Ajay K. Yadav | |
| | Dr. Ajay Kumar Yadav | Dr. Masum Paudel | Dr. Masum Paudel | Dr. Pramendra Gupta | Dr. Ritesh Chaudhary | |
| | Dr. Ritesh Chaudhary | Dr. Ashok Yadav | Dr. Rajani Giri | Dr. Bijaya Devi Aryal | Dr. Vijay K. Shrivastav | |
| | Dr. Bijaya Devi Aryal | Dr. Pramendra Gupta | Dr. Vijay K. Shrivastav | | | |
| **Obstetrics &Gynaecology** | Prof. Dr. Mohan Chandra Regmi | Prof. Dr. Mohan Chandra Regmi | Dr. Pappu Rijal | Dr. Pappu Rijal | Dr. Achala Thakur | Dr. Achala Thakur |
| | Dr. Pritha Basnet | Dr. Pritha Basnet | Dr. Punita Yadav | Dr. Punita Yadav | Dr. Anamika Das | Dr. Anamika Das |
| | Dr. Tulasa Basnet | Dr. Tulasa Basnet | Dr. Manoj Kumar Sah | Dr. Manoj Kumar Sah | Dr. Sarita Sitaula | Dr. Sarita Sitaula |
| | Dr. Ramesh Shrestha | Dr. Ramesh Shrestha | Dr. Manisha Chhetri | Dr. Manisha Chhetri | | |
| | Dr. Baburam (Dixit) Thapa | Dr. Baburam (Dikshit) Thapa | Dr. Jyotsna Yadav | Dr. Jyotsna Yadav | | |
| | Dr. Dipa Shah | Dr. Dipa Shah | | | | |
| | Dr. Surya Prasad Rimal | Dr. Surya Prasad Rimal | | | | |
| **Pediatrics & Adolescent Medicine** | Dr. Shyam Prasad Kafle | Dr. Shipra Chaudhary | Dr. Shipra Chaudhary | Prof. Dr. Nisha Keshari Bhatta | Prof. Dr. Prakash Paudel | Dr. Shankar Prasad Yadav |
| | Dr. Basant Rai | Dr. Shankar Prasad Yadav | Dr. Mukesh Bhatta | Dr. Arun Kumar Singh | Dr. Shyam Prasad Kafle | Dr. Basant Rai |
| | | Dr. Jitendra Thakur | | Dr. Jitendra Thakur | Dr. Mukesh Bhatta | Dr. Arun K. Singh |

***Source : Concerned Departments***

**Status of Operations done in Bhadra, 2079**

| Types of OT | Major | | Intermediate | | Minor | | Total |
|---|---|---|---|---|---|---|---|
| | General | Paying | General | Paying | General | Paying | |
| Routine | 398 | 359 | 53 | 35 | 111 | 44 | **1000** |
| Obst. & Gynae | 418 | 5 | 7 | 0 | 107 | 1 | **538** |
| Emergency | 103 | 0 | 16 | 0 | 11 | 0 | **130** |
| Day Care | 0 | 0 | 20 | 48 | 26 | 111 | **205** |
| Derma * | 89 | 23 | 439 | 59 | 232 | 46 | **888** |
| **Total** | **1008** | **387** | **535** | **142** | **487** | **202** | **2761** |
| **General OT : 2030** | ***Number of safe abortion care service done in Bhadra, 2079: 47*** | | | | | | |
| **Paying OT: 731** | ***Number of cases done in Cardiac Catheterization Laboratory: 152*** | | | | | | |

**** Asthetic procedures included in minor 50***

***Source: Office of the Metron***

## सम्पादन समूह

प्रा.डा.कृष्णा पोखरेल, प्रवक्ता
डा.चुरामणी पोखरेल, सह-प्रवक्ता
अमृतप्रसाद ढकाल, जनसम्पर्क सल्लाहकार
दिब्यराज थापा, शाखा अधिकृत
निरज पोखेल, सि.क्लर्क
सूचना तथा सञ्चार केन्द्र
फोन नं.:०२५-५२५५५५-४०००/२०९२
info.bpkihs@bpkihs.edu
spokesperson.bpkihs@bpkihs.edu